नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३९०

मितिः २०८३/०१/१०

नेपाल संवत् ११४६

विषयः रासायनिक मलको व्यवस्थापनमा आवश्यक सहजीकरण सम्बन्धमा।

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. २०१, मिति २०८३/०१/०८ को रासायनिक मलको व्यवस्थापनमा आवश्यक सहजीकरण गर्ने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१/१०

..............................

(दीपिश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

पत्र
१२८६
७/५


नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## कृषि विकास महाशाखा

## कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखा

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

फ्याक्स : ४२११९३५

सिंहदरबार, काठमाण्डौं नेपाल


नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौं

पत्र संख्या : ०८२/८३

च.नं. : २०१

मिति: २०८३/०१/०८

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरबार ।

श्री स्था. तह स. शाखा
७/५

विषय: आवश्यक सहजिकरण सम्बन्धमा।

प्रस्तुत विषयमा, चालु आ.व. २०८२/८३ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा विनियोजित बजेटबाट आपूर्ति योजना अनुरुप खरिद भएको रासायनिक मलको आगामी असार सम्मको मौज्दात सन्तोषजनक रहेको भएता पनि वर्तमान पश्चिम एशियाको संकटको कारण मल आपूर्तिमा अवरोध आएकोले आगामी मुख्य धानबालीको सिजन साउन देखि मलको अभाव हुन सक्ने देखिएको छ। आगामी धान सिजनको लागि मलको उपलब्धतामा हुन सक्ने कमिलाई मध्यनजर गर्दै सोको व्यवस्थापनको लागि तपसिल बमोजिम गर्ने/गराउने व्यवस्थाको लागि सबै स्थानीय तहहरुमा पत्राचार हुन मिति २०८३/०१/०८ को निर्णयानुसार अनुरोध छ।

तपसिल

१. रासायनिक मल वितरक/बिक्रेताले हाल उपलब्ध रहेको रासायनिक मलको मौज्दातलाई आवश्यकताको सहि पहिचान गरी मात्र परिचालन गर्नुहुन।
२. आम कृषकहरुलाई उपलब्ध मलको सिफारिस दरका आधारमा प्रभावकारी प्रयोगमा सहजिकरण गर्नुहुन।
३. अनुदानमा वितरण गरिने रासायनिक मल: युरिया, डिएपी र पोटास बाहेकका निजी क्षेत्रबाट बिक्रि वितरण भईरहेको एमोनियम सल्फेट, सुपर फोस्फेट र विभिन्न दरका NPK Fertilizers लगायतका रासायनिक मलहरुको उपयोग गर्ने/गराउने व्यवस्थामा सहजिकरण गर्नुहुन ।
४. रासायनिक मलको उपलब्धता कम रहेको अवस्थामा हुन सक्ने मिसावट तथा कालोबजारीलाई रोक्न तीँहा स्थानीय तहबाट प्रभावकारी अनुगमन हुन ।
५. रासायनिक मलखादको विकल्पमा जैविक तथा प्रांगारिक श्रोतहरुको प्रयोग मार्फत बिरुवालाई आवश्यक खाद्यतत्व व्यवस्थापन गर्दा उत्पादनका साथै दिगो माटो व्यवस्थापन हुने हुँदा यस्ता श्रोतहरुको उच्चतम प्रयोग गर्ने गराउने व्यवस्था गर्नु हुन।
६. अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ अनुसार अनुदानको मल बिक्रेताहरुले अनुदानित रासायनिक मल सूचना प्रणाली (Fertilizer Management Information System) मा अनिवार्य रुपमा नियमित विवरण प्रविष्टि गर्ने गराउने व्यवस्था हुन।
७. स्थानीय तहमा अनुदानको मल बिक्रेताहरुले अनुदानित रासायनिक मल बिक्रिको अनिवार्य डिजिटल बिल (digital bill) जारि गर्ने व्यवस्था मिलाउनु हुन।

बलराम रिजाल
वरिष्ठ माटो विज्ञ

श्री संघीय मामिला महाशाखा
७/५

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको दर्ता कक्ष
दर्ता नं.:- १४८६
दर्ता मिति:- ०८२/०१/१